# मासिक खबर कार्तिक अंक २०७२



## यो महिना

### भूमि आन्दोलन

-आत्मनिर्भर केन्द्रलाई केपिए अनुदान
-आत्मनिर्भर केन्द्रलाई वार रेसिस्टर्स इन्टरन्यासनल सदस्यता
-आत्मनिर्भर केन्द्र र आइएलसी बीच सम्झौता

### तालिम तथा छलफल

- वार्षिक योजना छलफल
- वकालतीय सीप,
-प्यारालिगलका लागि तालिम

### नीति वकालत र अनुसन्धान

- भूमि र भूउपयोग नीतिमाथि मन्त्रालयसँग अन्तरक्रिया
- नामती र आत्मनिर्भर केन्द्रको विचार आदानप्रदान
- भूस्वामित्व र मोहियानीमा महिलाको पहुँच सम्बन्धी अनुसन्धान
- जकार्ताको क्षेत्रिय सम्मेलनमा कार्यपत्र प्रस्तुत

### भुकम्प राहत तथा पुनस्थापना

- अस्थाइ आवास र शिक्षण केन्द्र
- कामका लागि नगद
- ब्ल्याङकेट वितरण

 

## नयाँ घरले जगाएको आशा

तालामराङ, सिन्धुपाल्चोककी पवित्रा तामाङ (४७) आफ्नै सानो पसल बाहिर बस्नुभएको थियो जब वहाँले भुकम्पको धक्का महसुस गर्नुभयो । जमिनभित्रबाट भयानक आवाज आयो र केही बेरमै माटो र ढुङ्गाले बनेका गाउँका सारा घर गर्ल्यामगुर्लुम्म ढले । आकाश धुलो र धुवाले ढाकियो । “सबै सकिए जस्तो लाग्यो,” वहाँ भन्नुहुन्छ । गाउँका अधिकांश घर जस्तै उनको घरपनि माटो र ढुंगाको रास भइसकेको थियो। तामाङको सारा सम्पति र अन्नसमेत भत्केको घरमुनि पुरियो । गाउँका केहि परिवारले भत्केका घरबाट टिन, छाना निकालेर ल्याए र त्यसैको टहरा बनाई धेरै दिनसम्म चिसो, पानी सहेर अनिँदै रात बिताए । राहत सामाग्री बोकेका हेलिकप्टर गाउँमाथिबाट उडेर जान्थे तर तालामराङमा ती कहिले ओर्लेनन् । खानेकुरा पनि सकिन लाग्दा गाउँले निराश थिए। आत्मनिर्भर केन्द्र र एक्सनएड गाउँ आएपछि बल्ल गाउँलेले केहि राहत पाए ।

हरेक परिवारले एक बोरा चामल र एक-एक पोका नुन, तेल तुरुन्तै पाए। यसै दौरानमा अरु संस्थाबाट सहयोग पाई पवित्रा अन्य पीडित परिवारसँगै टेन्टमा बस्न थालिन् । “हामीलाई धेरै गार्हो थियो, परिवार सँग छुट्टिएर अलग्गै टेन्टमा बस्नुपर्यो। बर्खा आएपछि प्लास्टिकका टेन्टपनि पानी र हुरीले उडाएर लग्यो। हाम्रो ओत लाग्ने कुनै ठाउँ भएन,” तामाङले ती दिनका सम्झना गर्दै भन्नुभयो । साउनमा आत्मनिर्भर केन्द्र र एक्सनएडले हरेक परिवारलाई १२ थान सिजिआइ जस्तापाता वितरण गर्यो । साथै सहयोग गरिएका सामाग्रीबाट कसरी अस्थाइ आवास बनाउने भनि प्राविधिक तालिम र सुझाव पनि दिए । आवास निर्माणको लागि प्रत्येक परिवारले ज्याला खर्च रु १५००० सहयोग स्वरुप पाए। “ज्याला तिरेर बचेको पैसाले छोराछोरीको विद्यालय शुल्क तिरे । अब हाम्रो आफ्नै घर छ जहाँ ढुक्कसँग केहि वर्ष बिताउन सक्छौ । यो घरले मलाई विगत बिर्सेर अगाडि बढ्न र सुन्दर भविष्यको लागि मेहनत गर्न बल दिएको छ,” तामाङ भन्नुहुन्छ ।

आत्मनिर्भर केन्द्रको राहत तथा पूनस्थापना कार्यले पवित्रा जस्तै सयौं भुकम्प पीडित परिवारको जीवनमा नयाँ आशा ल्याएको छ । पीडित परिवारहरुले निर्माण सामाग्री, आर्थिक सहयोग साथै अस्थाई आवास निर्माण र मर्मत सम्बन्धी प्राविधिक सुझाव तथा सहयोग पाएका छन् । भुकम्प प्रभावित परिवारहरुको लागि आत्मनिर्भर केन्द्रले कार्यक्रम क्षेत्रमा जीविकोपार्जन सम्बन्धी विविध गतिविधिहरुपनि सञ्चालनमा ल्याएको छ ।

# भुकम्प राहत तथा पुनस्थापना

## अस्थाइ आवास र शिक्षण केन्द्र

हेल्पएज र एक्शनएडसँगको सहकार्यमा आत्मनिर्भर केन्द्रले नुवाकोट तथा सिन्धुपाल्चोकमा अस्थाइ आवाज योजना कार्यान्वयन गर्दै आएको छ । यसै अन्तर्गत, सिन्धुपाल्चोकको तीन गाविस (तालामराङ, महांकाल र किउलमा भुकम्प पीडितको लागि ५७४५ अस्थाइ आवासको निर्माण सम्पन्न भएको छ । लगभग सात महिना ज्यादै कष्टकर रुपमा बिताएपछि भुकम्प पीडितहरुले सुरक्षित बसोबासको सुविधा पाएका छन् र तिहार नयाँ घरमा मनाउन पाएका छन् ।

भुकम्पको दौरान क्षतिग्रस्त भएका तालामराङस्थित जागेश्वरी विधालय र महांकाल स्थित पद्मेश्वरी र श्री भञ्ज्याङ विद्यालयमा दुईकोठे अस्थाई शिक्षण केन्द्र पनि निर्माण गरिएको छ । कमजोर आर्थिक स्थितिका १५९ छात्रछात्रा यी शिक्षण केन्द्रबाट लाभान्वित हुनेछन् ।

त्यसैगरि सिन्धुपाल्चोककै बाँसखर्क गाविसमा केयर नेपालको सहयोगमा ३६२४ घरधुरीलाई प्रति परिवार २ बन्डल सिजिआई जस्तापाता वितरण गरिएको छ । साथै बाँसखर्क, दुवाचौर र लगार्चे गाविसका २७६२ घरधुरीलाई भान्सा सेट, म्याट, ब्ल्याङकेट आदि सहयोग गरिएको छ ।

## कामका लागि नगदः

कामका लागि नगद कार्यक्रम अन्तर्गत तालामराङ र महाँकाल गाविसका ३६२ भुकम्प प्रभावित परिवारलाई जनही १५००० रुपैंया उपलब्ध गराइएको छ। । हेलम्बु, इचोक र किउलका ५०७ ज्येष्ठ नगारिकलाई सिजिआइ जस्तापाता र अन्य निर्माण सामाग्री पनि सहयोग गरिएको छ। सहयोग पाएकालाई अस्थाइ आवास निर्माण, निर्माण सामाग्री को प्रयोग र चिसोबाट बच्ने उपाय आदि सम्बन्धी पनि अभिमुखिकरण तालिम



दिइएको थियो ।

## ब्ल्याङकेट वितरणः

अन्तराष्ट्रिय आप्रवास संगठनको सहयोगमा रसुवाको भोर्ले, लहरेपौवा, धैबुंग र हाकुका भुकम्प पीडीतलाई ५११९ ब्ल्याङकेट वितरण गरिएको छ । जाडो मौसम



आएसँगै सामान्य टेन्ट र टहरामा आश्रय लिएका भुकम्प पीडितहरु अझ बढि मारमा परेका छन र ब्ल्याङकेट सहयोगबाट पीडितले केहि मात्रामा राहत पाउने छन् ।

# नीति वकालत र अनुसन्धानः

## राष्ट्रिय भूमि नीति र भूउपयोग नीति सम्बन्धी मन्त्रालयसँग अन्तरक्रिया



राष्ट्रिय भूमि तथा भूउपयोग नीतिमाथि सुझाव तथा प्रतिक्रिया दिन आत्मनिर्भर केन्द्रले भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग छलफल कार्यक्रमको आयोजन गर्यो । छलफलमा मन्त्रालयका प्रतिनीधि, अक्सफाम, नामतीका पदाधिकारी साथै आत्मनिर्भर केन्द्रका कर्मचारीहरुको सहभागिता थियो । मुख्यत नामतीका निर्देशक रेचेल नाइटले ड्राफ्ट नीतिमा दिनुभएका प्रतिक्रियाको बारे छलफल गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । विशेषगरी यी सुझावहरु प्रस्तुत गरिएको थियो:

-- कुन राज्य निकायले कति प्रशासनिक अधिकार वहन गर्ने भनि नीतिले स्पष्ट पार्नुपर्छ साथै राष्ट्रिय, प्रादेशिक, गाविस र वडा स्तरमा राज्यले के गर्न पाउने र नपाउने भन्ने सम्बन्धी नीतिमा स्पष्ट उल्लेख हुनुपर्दछ । विभिन्न भूस्वामित्व प्रणाली र ती निर्देशन गर्ने नियम, नियमावली नीतिले स्पष्ट रुपमा परिभाषित गर्नुपर्छ ।
-- भूमिहीन परिवारको पुनर्बास र मोही तथा लिजहोल्डर सम्बन्धी स्पष्ट नीतिगत व्यवस्था
-- भूउपयोग नीतिलाई स्थानीय शासन ऐनसँग जोडेर लाने र भूमि सम्बन्धि योजना, अधिकरण लगायतका सारा कामलाई सहभागितामुलक र समुदायनिर्देशित बनाउन जोड गर्ने ।
-- सामुदायिक तथा प्रचलित भूउपयोग अभ्यासहरुको सम्वर्द्धन हुने गरि नीतिमा व्यवस्था गर्ने ।

छलफलमा मन्त्रालयका उपसचीव जनकराज जोशीले प्राप्त सुझाव, प्रतिक्रियालाई मनन गरि नीतिको कमिकमजोरी सच्याउने र सुधार गर्दैलाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## सामुदायिक भूमिअधिकार सम्बन्धि नामती र आत्मनिर्भर केन्द्रको विचार आदानप्रदान

सामुदायिक भूमिअधिकार विषयमा नामती र आत्मनिर्भर केन्द्रले विचार र अनुभव आदानप्रदान गर्न भूमिघर, काठमाडौंमा एक छलफलको आयोजन गर्यो । आत्मनिर्भर केन्द्रका अध्यक्ष डा सुरेश ढकालले नेपालमा भूमिसुधारका प्रचलित अभ्यासबारे प्रस्तुती गर्नुभयो । नामतीका निर्देशक रेचेल नाइटले सामुदायिक भूमिसुधार मा नामतीको संलग्नता र काम बारे प्रकाश पार्नुभयो साथै सहभागीहरुसँग छलफल र विमर्शमा भाग लिनुभयो । सहभागीहरुले नेपालमा सामुदायिक भूमिअधिकारलाई प्रवर्द्धन तथा सफल कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धी छलफल गरे । साथै अफ्रिकाको सामुदायिक भुमिसुधार सम्बन्धी उत्कृष्ट अभ्यास र अनुभवलाई नेपालमा कसरी रुपान्तरण गर्ने भन्ने विषयमा पनि छलफल गरियो ।

## भूस्वामित्व र मोहियानी हकमा महिलाको पहुँच सम्बन्धी अनुसन्धान

आत्मनिर्भर केन्द्रले "भूस्वामित्व र मोहियानी अधिकारको उपयोगमा महिलाले भोग्ने बाधाहरु" विषयमा अनुसन्धान सुरु गरेको छ । अनुसन्धानको नेतृत्व आत्मनिर्भर केन्द्रका अध्यक्ष डा सुरेश ढकालले गर्नुहुने छ । अनुसन्धानले भूस्वामित्व र मोहियानी अधिकाररमाथि महिलाको पहुँचलाई असर गर्ने विविध संस्थागत, सांस्कृतिक तथा व्यवहारिक अफठ्याराहरुमाथि अध्ययन गर्नेछ । साथै अन्तराष्ट्रिय अभ्यास र प्रचलनहरुको समिक्षा र सुधारका लागि स्पष्ट सुझावहरुपनि अनुसन्धानमा समेटिनेछ । अन्तराष्ट्रिय आप्रवास संगठनको सहयोग मा मोरङ, सुर्खेत र नवलपरासी गरी तीन जिल्लामा यो अनुसन्धान गरिनेछ ।

## जकार्ताको क्षेत्रिय सम्मेलनमा कार्यपत्र प्रस्तुत

जिएलटिएन र एनगकले इन्डोनेसियाको जकार्तामा सञ्चालन गरेको क्षेत्रीय सम्मेलनमा आत्मनिर्भर केन्द्रका संस्थागत विकास सल्लाहकार जगत बस्नेतले "नेपालमा भूमि प्रशासन" विषयमा एक कार्यपत्र प्रस्तुत गर्नुभएको छ । अन्तराष्ट्रिय साझेदार र सरोकारवालाहरुलाई नेपालको भूमि प्रशासन सम्बन्धी जानकारी दिन तथा अनुभव बाड्न कार्यपत्रले सहयोग गर्यो ।

# भूमि आन्दोलन

## भूमि अभियानकर्तालाई सहयोग गर्न आत्मनिर्भर केन्द्रले केपिए अनुदान पायो

भूमि अधिकार हननमा  परेका भूमि अभियानकर्तालाई कानुनी तथा आर्थिक सहयोग गर्न आत्मनिर्भर केन्द्र र भूमिअधिकार मञ्चले केपिएबाट आपतकालिन कोष शिर्षकमा अनुदान प्राप्त गरेका छन् । मञ्चले बर्दियाका पाँच भूमिअधिकारकर्मीः आशारानी थारु, केशु थारु, सुन्दर थारु र हरेराम थारुमाथि बर्दिया राष्ट्रिय निकुञ्जले लगाएको झुठो मुद्धा लड्न सहयोग गर्न अनुदान पाएको हो ।  निकुञ्जका कर्मचारीले वन क्षेत्र अतिक्रमण गरेको भनेर अधिकारकर्मीहरु जो भूमिहीन सुकुम्बासी हुन् उनीहरुका घर जलाईदिएका थिए र अदालतमा मुद्धा हालेका थिए। आत्मनिर्भर केन्द्रले प्राप्त रकमबाट दुई भूमिहीन कृषक, सेमलाल थारु र राजन मुर्मुलाई सहयोग गर्ने छ । मुर्मु उनको परिवारले पुस्तौदेखि कमाएको जग्गाको मोहियानी हक पाउन मुद्धा लडिरहेका छन् भने सेमलालको जमिनदारले उनको मोहियानी हक खारेज गरिपाउ भनि अदालतमा मुद्धा दिएका छन् ।  प्रति संस्था २५०० डलरको उक्त रकम अदालत तथा कानुनी सेवा शुल्क, यात्रा खर्च, सुरक्षा र अस्थाई बास प्रयोजन र पीडितहरुलाई तत्काल राहतका निम्ति प्रयोग गरिने छ ।

## आत्मनिर्भर केन्द्रलाई वार रेसिस्टर्स इन्टरन्यासनलको सदस्यता

आत्मनिर्भर केन्द्रले वार रेसिस्टर्स इन्टरन्यासनलको एक एसोसियट संस्थाको रुपमा सदस्यता प्राप्त गरेको छ । वार रेसिस्टर्स इन्टरन्यासनल विश्वको अग्रणी युद्धविरोधी संस्था हो । आत्मनिर्भर केन्द्र आफै पनि अहिंसात्मक सामाजिक आन्दोलनको बलियो प्रवर्द्धक हो । नेपालबाट राष्ट्रिय भूमिअधिकार मञ्च, क्रोएसियाबाट सेन्टर फर पिस स्टडिज र कोल्मबियाबाट एन्टीमिलिटरिस्ट कलेक्टिभ अफ मेडेलिन अन्य सदस्यता प्राप्त संस्था हुन ।

### आत्मनिर्भर केन्द्र र आइएलसी बीच सम्झौतापत्रमा हस्ताक्षर

आत्मनिर्भर केन्द्र र आइएलसीबीच आइएलसीको राष्ट्रिय रणनीति (National Engagement Strategy) लागु गर्न सम्झौता भएको छ । कोलार्प, सिडिएस, मोड, अभियान नेपाल र राष्ट्रिय भूमिअधिकार मञ्च नेपालबाट अन्य NES सदस्य हुन् । NES कार्यान्वयन गर्न सम्झौता अनुरुप आत्मनिर्भर केन्द्रले $ ७०,००० प्राप्त गरिसकेको छ। केन्द्रले नेपालबाट अन्य NES सद्स्य बीचे संयोजनको पनि काम गर्नेछ ।

## छलफल तथा तालिम

### वार्षिक योजना छलफल, चितवन, ठिमुरा

आत्मनिर्भर केन्द्रले २०७२-७३ को वार्षिक योजना कार्यशाला सम्पन्न गरेको छ । चितवनको ठिमुरामा सञ्चालित भेलामा गत बर्षको सिकाइ र अनुभवको समिक्षा गर्दै आगामी आर्थिक वर्षको बजेट, मुख्य कार्यक्रम र गतिविधिहरुबारे छलफल गरिएको थियो । छलफलले संस्थाको अनुगमन तथा मूल्याङकन प्रणालीमा सुधार ल्याउने र सिर्जनात्मक, नवीन कार्यशैली तथा मितवयी कार्यकर्महरुलाई जोड दिने सहमति गर्यो । सोहि कार्यक्रममा आत्मनिर्भर केन्द्र र भूमिअधिकार मञ्चले सहकार्यका शर्तहरुमाथी पनि सहमति पनि गरे ।

### रसुवामा वकालतीय सीप विकास तालीम सम्पन्न



आत्मनिर्भर केन्द्र, रसुवाले भूमि अधिकारकर्मी र अगुवाहरुको वकालतीय क्षमता विकास गर्न तीन दिने तालिमको आयोजना गरेका् छ ।  तालीममा जिल्ला तथा गाउँ विकास मञ्चका पदाधिकारी र समुदाय सदस्यहरुको राम्रो सहभागिता थियो । सहभागीहरुले गुठी, बिर्ता र भूमिमा महिला विषयमा गरेको छलफलको आधारमा वकालतिय योजना बनाए भने बिर्ता सम्बन्धी नीतिगत र कानुनी ज्ञान पनि प्राप्त गरे । तालिमको अन्त्यमा सहभागीहरुले मञ्चको वकालतीय क्षमता बिश्लेषण गरे जसले अगुवाहरुलाई आफ्नो भूमिका तथा जिम्मेवारी र संस्थागत क्षमताको राम्रो जानकारी प्राप्त भई सुधारको लागि बल पुग्यो ।

### बर्दियामा प्यारालिगलका लागि तालिम

नामती, अक्सफाम र आत्मनिर्भर केन्द्रको संयुक्त आयोजनामा सामुदायिक भूमिअधिकार परियोजनाको प्यारालिगलहरुको लागि बर्दियामा एक तालीमको आयोजना गरिएको छ। ३४ प्यारालिगल तथा सामुदायिक भूमिअधिकार समितीका सदस्यहरुलाई उक्त कार्यक्रममा नियमावली, नियमावली लेखन तथा भूउपयोग र स्रोत नक्सांकरण सम्बन्धी तालिम दिइएको थियो।